म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ | अङ्कः- ८९ | २०८० फागुन ५ गते शनिबार 17 February 2024, Saturday - | पृष्ठ ४ | मूल्य रु. ५/-

## राक्सिराङ पुनः डाक्टरविहिन

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिका पुनः डाक्टरबिहिन बनेको छ। गाउँपालिकाले सञ्चालन गरेको राक्सिराङ आधारभूत अस्पतालका डाक्टर (मेडिकल अधिकृत) गजल पन्तले राजिनामा दिनुभएपछि राक्सिराङ गाउँपालिका डाक्टरबिहिन बनेको हो। डा. पन्तले गत भदौ दोस्रो सातादेखि सेवा सुरु गर्नुभएको थियो। डा. पन्तले राजिनामा दिनुभएपछि माघ दोस्रो सातादेखि राक्सिराङ गाउँपालिका डाक्टरविहिन बनेको राक्सिराङ गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख विजय कापरीले जानकारी दिनुभएको छ। डा. पन्तले सेवा सुरु गर्नुअघि करिब एक वर्ष राक्सिराङ गाउँपालिका डाक्टरविहिन अवस्थामा थियो। राक्सिराङ गाउँपालिकाले आज एक सूचना प्रकाशित गरेर मेडिकल अधिकृत नियुक्तिको प्रक्रिया सुरु गरेको छ। अल्पसंख्यक विपन्न चेपाङ बाहुल्य राक्सिराङ गाउँपालिका स्वास्थ्य सेवामा कमजोर अवस्थामा छ।

### कैलाश गाउँपालिकाको १३ औं अधिवेशन सम्पन्न

# पालिकाको आन्तरिक आय २० लाख रुपैयाँ मात्रै

समाज संवाददाता

हेटौँडाः मकवानपुरको कैलाश गाउँपालिकाले १३ औं अधिवेशन सम्पन्न भएको छ। शुक्रबार भएको गाउँसभाको अधिवेशनबाट कर्मचारी दरबन्दी र स्थानीय वन ऐन स्वीकृत गर्नेलगायत ४ वटा प्रस्तावमाथि छलफल भई पारित गरिएको छ। गाउँपालिकाको चालु आर्थिक वर्षको आन्तरिक आय भने २० लाख रुपैयाँ मात्रै रहेको विवरण सभामा पेश गरिएको छ।

गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले सभामा पेश गरेको बजेट तथा योजना संशोधन, परिमार्जन, र कमान्तर तथा थप गर्नका लागि पेश भएको योजना तथा कार्यक्रमहरु गाउँसभाले सर्वसम्मत पारित गरेको छ। गाउँसभामा उपाध्यक्ष मल्लले चालू आवमा १ करोड ११ लाख आन्तरिक आय प्रक्षेपण गरेकोमा पुस मसान्तसम्म २० लाख मात्र प्राप्त भएको जानकारी दिनुभयो। गाउँपालिकाले चालू आवमा २७ करोड ६४ लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा गाउँसभामा २८ करोड ५१ लाख रुपैयाँको संशोधित अनुमान प्रस्तुत गरिएको थियो। त्यस्तै गाउँसभामा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले पेश गर्नुभएको नामटार कालिकाटार सडक आयोजनाको भेरियसनसम्बन्धी प्रस्ताव पनि गाउँसभाबाट पारित गरिएको छ।

अधिवेशनको अवसरमा विभिन्न क्षेत्रमा योगदान गर्ने तथा उत्कृष्ट कर्म गर्ने व्यक्तित्वलाई सम्मानसमेत गरिएको छ। कैलाश सेवा पुरस्कारबाट पालिकामा कार्यरत उत्कृष्ट कर्मचारी छनौट गरी नगद पाँच/पाँच हजार रुपैयाँसहित सम्मान गरिएको छ। सम्मानित हुनेहरुमा प्राविधिक शाखाका ईञ्जिनियर महेश केसी र असिस्टेन्ट सब ईञ्जिनियर नरेन्द्र दत्त भट्ट, एमआइएस अपरेटर उमेश कुमार मुक्तान, वडा सचिव शशिकला सिन्तान, निरश मुक्तान पशु प्राविधिक, कार्यालय सहयोगि अनिल प्रजा, अहेब विश्वप्रकाश सिंह, अहेब जयप्रकाश कुमार साह, विद्यालय स्टाफ नर्स विन्दा तितुङ, प्रधानाध्यापक श्यामबहादुर सिन्तान, शिक्षक दीपकुमार चेपाङ, शिक्षक ध्रुबराज बिष्ट, बाल विकास शिक्षक शुक्रबहादुर प्रजा र विद्यालय सहयोगि सिताराम सुनार रहेका छन्। गाउँपालिकाले पत्रकार केशव समर्पणलाई पनि सम्मान गरेको छ।

यस्तै राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा २०८० को हाइजम्पतर्फ स्वर्ण पदक विजेता गोमा बर्तौला र तेक्वान्दोतर्फ स्वर्ण पदक विजेता अनिशा विकलाई पाँच हजार रुपैयाँ नगदसहित सम्मान गरिएको छ। एसईईमा उत्कृष्ट अंक ल्याउने कालिका माविकी विमशा घिसिङ र प्रेम सुनार, कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने सोही विद्यालयकी निर्मला हिम्डुङ र एसईईमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल कैलाश-२ को कमलादेवी माविका प्रधानाध्यापक राम एकवाल राय यादवलाई सम्मान गरिएको छ।

गत आर्थिक वर्षको उत्कृष्ट उपभोक्ता समितिको रुपमा कैलाश वडा नम्वर १ को क्यूरेनी वर्ष भवन निर्माण समिति र ४ नम्बर वडा घेराबार तथा मर्मत समिति सम्मानित भएका छन्। यस्तै बालबिवाह न्युनीकरणमा विभिन्न कार्यक्रम गरिरहेको गाउँपालिकाले कक्षा १२ उत्तीर्णका साथै २० वर्ष उमेर पुगी बिवाह गर्ने ८ जना चेलीलाई प्रोत्साहनस्वरुप सम्मान गरेको छ। बजेटमै चेली प्रोत्साहन कार्यक्रम उल्लेख गरी कार्यान्वयन गरेको गाउँपालिकाले गाउँसभाको अवसरमा ८ जना चेलीलाई प्रतिव्यक्ति २० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरेको हो।

सम्मानित हुनेहरुमा वडा नम्वर १० निवासी सम्झना स्याङ्तान, वडा नम्वर ६ निवासी गोमा थोकर, वडा नम्वर ९ निवासी राममाया विश्वकर्मा, गंगा घिमिरे, सजिना शिवाकोटी, अमिरा थापा, पार्वती बर्तौला, राधिका कालाखेती रहेका छन्। बालविवाह कम गर्नुका साथै शिक्षामा अब्बल बनाउन गाउँपालिकाले हरेक वर्ष प्रोत्साहन कार्यक्रम गरिरहेको गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले बताउनुभएको छ।

### बागमती गोल्डकप-२०८०

# चर्च ब्वाइजलाई हराउँदै एपीएफ सेमिफाइनलमा



समाज संवाददाता

फापरबारी (बागमती)ः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लब सेमिफाइनलमा प्रवेश गरेको छ। शुक्रबार बागमती गाउँपालिका-८, फापरबारीस्थित जनता माविको खेलमैदानमा भएको दोस्रो क्वार्टरफाइनल खेलमा चर्च ब्वाइज युनाइटेडलाई ३-१ गोलअन्तरले हराउँदै एपीएफ सेमिफाइनलमा प्रवेश गरेको हो।

एपीएफको जीतमा अनिष महर्जनले दुई तथा फोडे फोफनाले एक गोल गरे। खेलको दोस्रो हाफको १६ औं मिनेटमा फोफनाले गोल गर्दै एपीएफलाई सुरुवाती अग्रता दिलाएका थिए। यस्तै महर्जनले खेलको दोस्रो हाफको १६ औं मिनेटमै फोफनाको पासलाई सदुपयोग गर्दै हेडमार्फत गोल गरे भने २४ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरे। खेलको दोस्रो हाफको ४३ औं मिनेटमा चर्च ब्वाइजका लागि विशाल बस्नेतले एक गोल गरे पनि टिमलाई हारबाट जोगाउन भने सकेनन्। म्यान अफ द म्याच महर्जन घोषित भए। उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे। गत हप्ता सम्पन्न छैठौं संस्करणको मकवानपुर गोल्डकपमा एपीएफबाट खेलेका महर्जन सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै बुलेट बाइक प्राप्त गरेका थिए।

एपीएफ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गर्ने दोस्रो टोली बनेको छ। यसअघि बिहिबार भएको पहिलो क्वार्टरफाइनल खेलमा नवजनजागृति युवा क्लबलाई हराउँदै न्यू रोड टिम (एनआरटी) सेमिफाइनल प्रवेश गरेको थियो। सेमिफाइनल प्रवेश गरेको एपीएफले अब फाइनल प्रवेशका लागि आयोजक बागमती खेलकुद विकास समिति र विभागीय टोली त्रिभुवन आर्मीबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ।

प्रतियोगिताअन्तर्गत शनिबारको क्वार्टरफाइनल खेलमा जावलाखेल युथ क्लब र मच्छिन्द्र युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ। जावलाखेल गोल्डकपको दोस्रो संस्करणको उपविजेता र तेस्रो संस्करणको विजेतासमेत हो। प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ। प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन्। यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।






# भ्रष्टचार एक महारोग



✍ त्रिशिका बराल


भ्रष्टाचार अर्थात भ्रष्ट र आचार मिलेर बनेको यो शब्दले खराब आचरण वा बानी व्यवहार भन्ने बुझाउँछ । कुनै पनि उच्च पदमा रहेको व्यक्तिले आफ्नो शक्ति वा अधिकार व्यक्तिगत हितको लागि प्रयोग गर्नु वा शक्तिको दुरुपयोग गर्नु नै भ्रष्टचार हो । आफ्नो पदीय मर्यादा तथा आचरण विपरित गर्ने सबै किसिमका खराब गैरकानुनी तथा अनैतिक कार्यहरुलाई भ्रष्टाचार भनिन्छ । भ्रष्टाचार सामाजिक रोग हो । यसले समाजलाई गलत दिशातर्फ अगाडि बढाउँछ ।

भ्रष्टाचारले सभ्य समाजलाई नकरात्मक दिशातर्फ अगाडि बढाउँछ । समाजको विकासलाई साथै व्यक्तिको अनुशासन र मर्यादा नकरात्मक बाटोतर्फ अगाडि बढाउँछ । समाजमा अस्वस्थ प्रतिस्पर्धा विकास भएर गलत गतिविधीहरुले प्रश्रय पाउँछ। घुसलिने, अधिकार र पदकको दुरुपयोग गर्ने, खराब, आचरण गर्ने र आफन्तलाई मात्र अवसर दिने काम नै भ्रष्टचारका स्वरुप हुन् । भ्रष्टाचारले गर्दा राज्य प्रणाली कमजोर हुँदै जान्छ । भ्रष्टाचारले राज्यको आर्थिक अवस्था पनि कमजोर बनाउँछ । भ्रष्टाचार तथा भ्रष्टाचारी व्यक्ति भएको समाजले कहिल्यै उन्नति प्रगति गर्न सक्दैन ।

भ्रष्टाचार गर्नुका पनि विभिन्न कारणहरु हुन्छन् । भ्रष्टाचारको मुख्य कारण लोभ लालच पनि हो । मानिसलाई धनी हुने चाहना भएको कारण नै भ्रष्टाचार हुन्छन् । एक व्यक्तिको लोभलालचले नै त्यो व्यक्तिलाई गलत बाटोमा हिँडाउँछ । सरकारको गतिलो अनुगमन तथा कारवाही पनि भ्रष्टाचारको कारण हो । समाजले व्यक्तिलाई आम्दानीको आधारमा महत्व दिने परिपाटी पनि भ्रष्टाचारको कारण हो । समाजले धनी व्यक्तिलाई मात्र महत्व दिएको कारण अरुलाई जतिसक्दो चाँडो धनी हुने चाहना वा सोच आउँदछ । त्यही लोभले गर्दा त्यो व्यक्ति भ्रष्टाचार तर्फ लाग्दछ ।

भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न उपायहरु छन् । भ्रष्टाचार गर्ने भनेको नै अशिक्षित व्यक्तिले हो । त्यसैले भ्रष्टचार नियन्त्रण गर्न नैतिक शिक्षा र सदाचारलाई प्राथमिकता दिनु पर्दछ । सरकारी आर्थिक गतिविधि पारदर्शी बनाउनु पर्छ । भ्रष्टाचार नियन्त्रण गर्न स्थापित संस्थालाई स्रोत साधन सम्पन्न र शक्तिशाली बनाउनु पर्छ । भ्रष्टाचार विरुद्ध उजुरी गर्ने बानीको विकास गरे भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ ।

*कक्षा-८, नवोदय शिशु सदन, हेटौंडा-४*



सुयोग श्रेष्ठ
कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# मानिसको एउटै जात



✍ प्रिन्सेस गौतम

यो देशको भविष्य छ हाम्रै हातमा
देश पनि अघि बढ्छ हाम्रो साथमा
देश राम्रो हुनलाई हामी असल हुन पर्‍यो
हाम्रो शान र गौरवले सगरमाथा छुनु पर्‍यो ।।

भ्रष्टाचार र अन्यायले हेर यो देश घेरिएछ
हामी असल भएपछि बल्ल देश फेरिनेछ
कोही बस्छन् बाटोमा सबैसँग भिख मागी
कोही दाजुभाइ लड्छन्, त्यही धनका लागि ।।

यसो गर्न हुन्न अब हामी बसौं मिलीजुली
बल्ल मन सफा हुन्छ जस्तो सफा हिउँचुली
मन सफा पारेर नै राम्रो काम गरौं सधैं
एउटै मानिस जात हाम्रो एउटै हौं हामी सबै

*कक्षा-७, जीएस निकेतन मावि, हेटौंडा-५*

# तिम्रो यादमा रक्सी पिउने भाको छु



✍ उत्तम आचार्य

निन्द्रा पनि लाग्दैन कता-कता दुब्लाउँदै गाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

खाना पनि रूच्दैन तैपनि अघाउँदै गाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

तिर्खा पनि लाग्दैन, सुकेर लठ्ठी जस्तै भाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

पढ्न लेख्न मन छैन सबै कुरा बिर्सदै गाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु।

हिँड्ने डुल्ने रहर छैन जोश पनि सेलाउँदै गाको छ,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

काम गर्न आँट आएको छैन अल्छी हुँदै गाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

गर्मीमा जाडो, जाडोमा गर्मी हुन्छ समय पनि नचिन्ने भाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।


दिन पनि अँध्यारो देख्छु रातमा त केही पनि नदेख्ने भाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

जीवन पनि तिमीलाई सुम्पेथेँ बाँच्न पनि नसक्ने भाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

तिम्रो मायाले अर्कै संसारमा रमाउने भाको छु,
तिम्रो यादमा रक्सी पिउने भाको छु ।

*हेटौंडा-४*

# गजब छ जमाना



✍ सरोजप्रसाद साह

गजब छ जमाना, गजब छ यो लोक
गजब छ माटो, गजब छ यो बाटो
गजब छ प्रीत, गजब छ यो रीत



शीर उठ्ने घर, शीर भुक्ने मानिस
ठूलाठूला गाडी ठूलाठूला काँडा
सहर थियो सपनामा रहेछ झमेला
गजब छ जमाना गजब छ यो मेला

महँगो छ जीवन, महँगो छ साथी
महँगो छ प्यास, महँगो छ पानी
महँगो छ निद्रा, महँगो छ यात्रा
गजब छ जमाना, गजब छ यो यात्रा

बढाउनु छ पाइला
उठाउनु छ त्यो मान
यो सङ्घर्षी जीवनलाई सावित गर
हिम्मत राख र अगाडि बढ

गजब छ जमाना, गजब छ यो लोक
गजब छ माटो, गजब छ यो बाटो
गजब छ प्रीत, गजब छ यो रीत



*हेटौंडा स्कूल आफ म्यानेजमेन्ट*
*हेटौंडा-४*

# पानी



✍ आदिती कालाखेती

पानीको परिभाषा मैले दिन सकिन
पानी कति छ गनेर बस्न सकिन
पानी जिवनको जीउने एउटा आधार हो
पानी तिर्खा मिटाउने दोस्रो आधार हो ।

समयसँगै युग फेरियो तर कुनै महत्व रहेन
सायद कतै समय यति रोकिए होला तर पनि निरन्तर रह्यो
पानी भन्ने शब्द सुन्दै कति सरल सुनिन्छ
सुन्दा जति सरल छ र देख्दा झनै बढी सरल छ ।

यसमा यो पूरा धर्तीको इतिहास रहेको छ ।
धर्तीमा पानी नभई हामी मानव हुँदैन थियो
मलाई पनि पानी झैं सरल बन्न मन लाग्छ
जो स्वाद भन्दा बढी आवश्यक्ताको प्रति प्रयोग हुने ।

पानी अमूल्य छ यसको कुनै मोल छैन
जसको न त रङ् नै छ न त स्वाद नै छ ।
हामी मानिस हामी आफैंमा समझदार छौं
पानीको आवश्यकता हामी सबैले बुझेका छौं ।

*कक्षा-३, बालजागृति इङ्गलिस सेकेन्डरी स्कूल, हेटौंडा-२*

# चित्रकला





अनुशन्स श्रेष्ठ
नबोदय शिशु सदन, कक्षा -२





श्रृष्टी श्रेष्ठ, एलकेजी, लिटिल बड्डी प्रि स्कूल, हेटौंडा-४





सम्मान घलान
कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४






समृद्धि श्रेष्ठ
कक्षा-२, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४

# समयको खेल



**समृद्धि नेपाल**

समयले आृनो तीव्रता बढाएको हो कि,
हामी साँच्चै ठूला भैगएका हौं ?
हिजो जस्तो लाग्थ्यो मलाई खेलाउँदै, हसाउँदै,
हाँसो गुन्ज्या घर उज्यालो बनाएको,
तर समय र परिस्थितिसँगै
ती हाँसो र मुहारका
मुस्कान धमिलिँदै गए,
आज हामीलाई एक अर्कासँग
भेट्न पनि समय पर्खिनुपर्छ

म समय रोक्न सक्थैँ
या त हाम्रो बालापन नै
फर्काउन सक्थैँ
तर आज आफूलाई ऐनामा हेर्छु
मेरी प्यारी दिदीलाई
सामाजिक सञ्जालमा
अनि आँखाबाट झरेका ती
आँसुमा रोक्नै सक्दिनँ

झन् अब त दिदीको विवाहको खबरले
म एकतर्फ अत्यन्तै
खुसी पनि छु
तर अर्कोतर्फ भने
उसै त टाढा भएकी
मेरी दिदी,
झन् टाढा हुनी भइन्
भनेर डर पनि

एकपटक भएपनि
आृनो अंगालोमा कसेर
मनका सबै पीडा आँसुमा
बगाउने चाह छ,
तर यो अवचेतन मनलाई
कसरी शान्त बनाउँ म ?
सबै आफैंमा रमाउन
सिक्नै पर्ने रहेछ भनी,
मेरो अन्तरआत्मालाई
कसरी सम्झाउँ म ?
जसरी तिमीसँग बाँकी रहेका
मेरा यो छोटो क्षणले पनि
हतार गर्दै छ,
मेरो भक्कानिएको मन,
झन्-झन् बढी रुँदैछ ।

जसोतसो सम्झाउँदै छु आफूलाई,
र प्रार्थना गर्दैछु कि
खाली खुट्टा पनि नबिझाउने
बाटो परोस् मेरी दिदीलाई,
सदैव साथ र हात दिने
जीवनसाथी परोस् मेरी दिदीलाई
प्रार्थना गर्छु
जसरी तिमीले हाम्रो घर
उज्यालो बनाएकी छौ,
त्यस्तै आृनो घर पनि
बनाउन सफल हुनु
मेरो माया र सम्मान
तिम्रा लागि कहिल्यै कम हुने छैन
मन भरिका माया र मीठो
सम्झना तिमीलाई !!

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# लोकसेवालाई पत्र



**सशीता दंगाल**

प्रिय लोकसेवा
यो निष्पट्ट अन्धकारमा तिम्रो सम्झनामा जागृत छु
तिमीलाई थाहै होला तिम्रा अनुयायीहरू कति धेरै छन्
त्यसमध्ये एक म पनि छु तिम्रो प्रतिक्षामा बस्ने
त्यसमध्ये एक म पनि छू तिम्रो मोहमा डुब्ने

जति म तिम्रो समीप जान खोज्छु
तिमी त्यतिनै तर्किएर जान्छौ
अनि तिमीलाई जित्ने मेरा केही थान
सपना तुहिएर झर्छ यात्त

सुस्केरा हाल्दै किताब समाउँछु
प्रिय रातलाई साक्षी राखेर
दिनभरिको थकानलाई
पोको पारेर कुन्तुरामा थन्काएर
आृना अनन्य मुटुका टुक्रालाई समेत
वेवास्ता गरी
उनीहरूको आवाज समेत
मुटुमा ओझेल पारी

बन्द ढोका भित्र आफूले आफुलाई
कैद गर्दा पनि
तिमी कता हो कता डाँडापारीबाट
एकटकले मुस्कुराई रहन्छौ
खै किन ?
ठिकै छ प्रेममा प्रप्तिमात्र
सबैकुरा होइन मैले बुझैं
तर तिम्रो प्रेममा
मैले आफैंलाई गुमाएको छु
कैयौं पटक

तिम्रो चाहनामा भौतारिरहेको
एक आत्मा म पनि हो
तिमीप्रतिको अगाध प्रेममा
आृनो वर्तमान खियाउने म पनि हो
भविष्य के हुन्छ थाहा छैन
तिम्रो प्राप्ति सम्भव छ कि छैन
त्यो पनि थाहा छैन
मेरो मिहिनेतको फल
पाक्छ कि चिचिला मै तुहिन्छ
त्यसमा पनि अञ्जान छु म
यति निस्वार्थ छ मेरो प्रेम
तिमीलाई पाउने र गुमाउनेसम्मको हेक्का छैन
तर हो म तिम्रै प्रेममा छु

जिन्दगीको उत्तरार्धमा पनि
हो मलाई तिमीसँग प्रेम छ
उमेरले प्रेम गर्न रोक्ने बेला हुन लाग्यो
तर पनि तिमीप्रति मेरो लगाव
समर्पण छ
खहरे झैं उर्लेको छ
धुम्रकेतु झैं भौतारिएको छ
उल्का झैं बर्सिएको छ

*हेटौँडा-९, प्रगतिपथ*

# जिल्लामै नमुना बनोस्



**जनार्दन खनाल**

शिक्षा जीवन ज्योति हो शिक्षा हो मार्ग दर्शन
शिक्षाले मनको मैलो पखाल्दै नवसिर्जन
जीवन सार्थक पार्न शिक्षा बीना कुनै पनि
कल्पना नगरे हुन्छ हुन्न है ! सफल जुनी ।।

शिक्षाको लागी राज्यले लगानी बहुतै गर्‍यो
नपढी नहुने रैछ भन्ने यो चेतना छर्‍यो
प्रविधिमय यो छैन घोकन्ते विधि भो अझै
खोजेको श्रम यो शक्ति पुगेको अझ छैन है ! ।।

छोराछोरी बराबरी सुगम ठाउँमा भयेर
वीकट वस्ती गाउँमा भेदभाव अझैं छ यो
आय आर्जनको लागि सीप सिकौं निरन्तर
सम्बृद्धि तिर लम्कन्छ हुन्छ रे अझ सुन्दर ।।

यौटा शिक्षकले मात्र स्तरीय पठन कुरो
हुँदैन कहिल्यै पूर्ण यही नै मूख्य हो चुरो
अभिभावक विव्यस विद्यार्थी वर्गले पनि
इच्छाशक्ति ठूलै राखे स्तरीय अनि हुन्छ नि ।।

ज्ञानदा मावि यो लम्कोस् शिक्षाले शिखर चुमोस्
यसले शैक्षिक क्षेत्र जिल्लामै नमुना बनोस्
विद्यार्थी लगनशील विद्वान् अनि नैतिक
राष्ट्रको लागि चाहिने होऊन् है ! सीपमूलक ।।

विद्यार्थी शिक्षक लागौं सम्बन्धी व्यक्तित्वहरु
एकतामय भावैमा साथ लागौं सबै अरु
शिक्षाको स्तर सुध्रिन्छ उध्रिन्छ अनि चेतना
मावि यो अझ यो चम्कोस् मेरो छ शुभकामना ।।

*बकैंया–४, छतिवन*

# नदी

हिमालको हिउ पग्लेर पानी बन्छ
त्यो पानी जम्मा भएर नदी हुन्छ
नदी सिधा भाग्छ
फर्केर नआउने निर्णय लिन्छ



**सुभम सुवेदी**

नदी हरेक बोटको साहारा हो
जनावर बाच्ने आहारा हो
नदिले किसानलाई बनाउँछ साथी
किसानलाई सबैभन्दा माथि

नदी कहिल्य नि रोक्दैन
अरुको अगाडि झुक्दैन
नदीको सिधा छ बाटो
सकेसम्म जान्छ चाँडो

नदी आफ्नो बाटो लाग्छ
घामको गर्मीबाट भाग्छ
नदीले आफ्नो बाटोमा बनाउँछ धेरै साथी
आशा छ तिनहरु हुन्छन् जाती

*कक्षा-९, नवोदय शिशु सदन*

# सताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: साथीभाइ तथा आफन्तसँग भेटघाटमा रमाइने समय योग छ । स्वादिष्ट भोजन जुट्ने छ । व्यापार–व्यवसाय फस्टाएर जाने देखिन्छ । बोलीको प्रभावले नसोचेको काम पूरा हुने समय छ । न्यून श्रमबाट धनार्जन होला । पढाइ–लेखाइमा राम्रो प्रगति गर्न सकिने समय योग छ । प्रेममा सफलता र धार्मिक अनि सामाजिक काममा सरिक भइएला ।

**वृष राशि**: शुभ चिन्तकहरुले सहयोग पुर्‍याउलान् । अध्ययन–अध्यापनमा मन जाने भएकाले सोच अनुरुपको नतिजा हात लाग्ला । मान–सम्मान र इज्जत प्रतिष्ठामा वृद्धि होला । राजनीति तथा समाजसेवामा मन जाला । धार्मिक कृत्यमा सरिक भइने समय योग छ । व्यापार–व्यवसाय ठिकै रहला । आर्थिक स्थिति सुदृढ होला । मायाप्रेममा सामीप्यता बढ्ला ।

**मिथुन राशि**: थोरै परिश्रमले बढी आय नहोला । आर्थिक अभावले महत्वपूर्ण कामहरु थाती रहलान् । लामो दूरीको वैदेशिक यात्रा तय होला । खानपानमा विशेष ध्यान दिनुपर्ला । स्वास्थ्य समस्या बढ्न सक्छ । औषधी उपचार खर्च बढ्ला । पढाइ– लेखाइका कामहरु भने थाती रहलान् । धार्मिक तथा सामाजिक काममा सरिक भइनेछ ।

**कर्कट राशि**: व्यापार–व्यवसायको कामबाट लाभ प्राप्त होला । पैतृक धन सम्पत्तिका विषयमा चर्चा परिचर्चा चल्ला । अध्ययन–अध्यापनका काममा मन जाने छ । बैकिङ्ग क्षेत्रका कामहरुबाट लाभ होला । प्रेम प्रसङ्गमा रमाइएला । दाजुभाइ तथा इष्टमित्रबाट सहयोग प्राप्त हुनेछ । सवारी साधन प्राप्तीको योगलाई नकार्न सकिने अवस्था छैन ।

**सिहं राशि**: सम्मानित काम सम्पादन गर्न सकिने योग छ । व्यापार–व्यवसायबाट लाभ प्राप्त हुने समय छ । नयाँ क्षेत्रमा लगानी गर्न सकिने समय छ । रोजगारीका अवसरहरु आइपर्लान् । जागिरमा बढुवाको योग रहेको देखिन्छ । अध्ययन–अध्यापनमा खोज अनुसन्धान मूलक काममा लागि परिएला । धार्मिक यात्रा योग पनि रहेको देखिन्छ ।

**कन्या राशि**: व्यापार–व्यवसायमा लगानी गर्न केही समय कुर्नु पर्ने छ । मान– सम्मानमा आँच आउन सक्छ । आफन्त र नजिकका व्यक्तिहरुबाट काममा धोका हुन सक्ने योग छ । संगत गर्दा ध्यान पुर्‍याउँनुपर्ला । धार्मिक तथा सामााजिक काम गर्दा विचारणीय छ । शैक्षिक क्षेत्रका कामहरुबाट त्यति उपलब्धी हाँसिल नहुने योग रहेको छ ।

**तुला राशि**: परिवार र आफन्तसँग मनमुटाव र भनाभैरी चल्न सक्छ । पति पत्नी माया प्रेममा अविश्वास पैदा होला । सवारी साधन तथा यात्रा गर्दा विशेष ध्यान दिनु पर्ला । दुर्घटना वा अप्रिय घट्ना घट्न सक्छ । विद्या तथा प्रतिस्पर्धाका काममा मिहिनेत गर्दा राम्रो रहला । स्वास्थ्य समस्या योग छ । आफन्तबाट धोका हुन सक्छ ।

**वृश्चिक राशि**: आफ्नो क्षमता प्रयोग गरी ध्यानाकर्षण गर्न सकिएला । मान–सम्मानमा वृद्धि भएर जाने छ । बिलासी जीवन व्यतित गरी रमाइने समय रहेको छ । जीवनसाथीसँग रमाइलो यात्राको तय गर्न सकिने समय योग छ । एकल वा साझेदारी व्यापार– व्यवसायबाट लाभ होला । धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।

**धनु राशि**: न्यायिक काममा विजय प्राप्त हुनेछ । शत्रु परास्त हुने समय योग देखिन्छ । रोगबाट मुक्त भइने र ऋणबाट पनि मुक्त भई नयाँ काम प्राप्त हुने समय योग छ । व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । अध्ययन–अध्यापनका क्षेत्रहरु सफल र हलान् । प्रेमका कोपिलाहरु फर्किएर जानेछन् । धार्मिक तथा सामाजिक काममा सरिक भइएला ।

**मकर राशि**: बौद्धिक कार्यमा सहभागी भइने समय छ । विद्यामा सफलता प्राप्ति गर्न निकै संघर्ष गर्नुपर्ला । परिवार आफन्तबाट काममा असहयोग होला । व्यापार– व्यवसायमा लगानी नबढाउँदा राम्रो होला । माया प्रेममा विश्वास बढेर जाला । पेट सम्बन्धी समस्याले सताउने समय योग छ । मानसिक तनावले काममा बाधा व्यवधान आइपर्ला ।

**कुम्भ राशि**: राजनीति तथा समाजसेवाका काममा लागी पर्दा पर्दै आलोचित बनिने छ । सामाजिक मान–सम्मानमा आघात आइपर्ला । घर–परिवारबाट टाढा भइनेछ । पढाइ–लेखाइमा अरु भन्दा पछाडी परिएला । आफू भन्दा ठूलाको आज्ञा शिरोवर गर्दा राम्रो रहने समय छ । प्रेममा सामान्य खटपट हुने योग देखिन्छ ।

**मीन राशि**: नोकरीमा मान– सम्मान प्राप्त होला । राजनीतिमा विशेष पद प्राप्त हुने समय छ । यात्रा योगमा सरिक भइने छ । न्यायमा विजय प्राप्त होला । पराक्रम र साहसमा अझै वृद्धि होला ।अध्ययन–अध्यापनका काममा सरिक भइने छ । सामाजिक तथा धार्मिक काममा सरिक भई प्रतिष्ठा प्राप्त होला ।

# म



**अशंलाल श्रेष्ठ**

किन गर्छु अल्छी म
किन छु अल्छी म
अनपढ भन्छन् मलाई
पढ्ने लेख्ने मान्छे म

आदर गर्छु सबैलाई
सम्मान गर्छु ठुलोलाई
माया गर्छु सानोलाई
मनपर्छ मलाई रसमलाई

असल मान्छे हो म
नाम कमाउछु आफैँ म
बा आमाको आफ्नै कमाउछु म
ठुलो भएपछि पढेर अगाडि बढ्ने छु

किन हेर्छ धेरै टि.भी
किन हेर्छ धेरै मोबाइल
किन गर्छ कुरा धेरै
किन गर्छ काम थोरै

*कक्षा ६, नवोदय शिशु सदन*

# हिमाल



**अंशु दाहाल**

उत्तरमा सेतै फुल्ने, हिमाल छन् हाम्रो
हेर्दै खेरी जाऊँ-जाऊँ लाग्ने आहा कति राम्रो ।
कञ्चनजंघा, सगरमाथा हिमालको नाम
शीर हाम्रो उच्च राख्ने नेपालको सान ।

डाँफे, मुनाल नाच्दै गाउने हिमालको काख
जडिवुटी, अन्न-पानी दिने लाखौं लाख ।
स्वच्छ, सफा पानी बग्ने हिमाल मुनी
त्यसैले जलस्रोतमा संसारकै धनी ।

आऊ साथी घुम्न जाऊँ हिमालको गाउँ
यस्तो राम्रो कहाँ छ र अन्ततिर ठाउँ ।
सँगै मिली हिमालको दर्शन गर्न जाउँला
खुसी भई आनन्दको गीत सँगै गाउँला ।

*कक्षा-७, बालजागृति इङ्गलिस सेकेन्डरी स्कूल, हेटौँडा-२*

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं । **सम्पादक ।**

## गाउँखाने कथा

१. आकाशमा उड्ने ठूला–ठूला चरी, काखमा बसाई घुमाउँछ उसले वरिपरी ।
- हवाईजहाज

२. त भन्दा नछाईने, म भन्दा छाईने ।
- ओठ

३. पानीभित्र रमाउँछिन् जलपरि होइनन्, सुनगेडी हल्लाउँछिन् रुख भने होइनन् ।
- धान रोपेको

४. पींध चुस्ने टुप्पामा बाल्ने, मुखले च्याप्तै हावामा फाल्ने ।
- धुम्रपान

५. पिँडी कुरे चेप्टे दाइले खान्छन् छिटोछिटो, पेट छैन अटाउने उकेल्दछन् पिठो ।
- धुम्रपान

# बनौं स्वाभिमानी



**गीता खड्का**

घर मेरो नेपाल सगरमाथा छ
कसैसँग झुक्दैन यो नेपाली जान ।

साथी सबै मिलेर गाउँछौ राष्ट्रिय गान
आफुभन्दा ठूलाको राख्नुपर्छ मान ।

दौरा, सूरुवाल, खुकुरी नेपालीको शान
सुख दुःखमा साथ दिने असल साथी छान् ।

गुन्द्रुक, ढिडो, मँकै, भटमास नेपालीले खानी
हामी सबै नेपाली बनौं स्वाभिमानी ॥

*कक्षा-८, मनकामना मावि, मकवानपुरगढी-४*

# एकल गायन प्रतियोगितामा जेनिथकी विशाखा प्रथम

समाज संवाददाता

हेटौँडाः संगीतकार, गीतकार स्व. भीम विरागको स्मृतिमा आयोजना गरिएको एकल गायन प्रतियोगितामा हेटौँडा-५, पिप्लेस्थित जेनिथ इन्टरनेशनल एकेडेमीकी विशाखा पण्डित प्रथम हुनुभएको छ । हेटौँडा-५, पिप्लेस्थित ज्ञानोदय बालबाटिका आवासीय विद्यालयले शुक्रबार आयोजना गरेको दोस्रो संस्करणको गायन प्रतियोगितामा हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी प्रसिद्धी लामिछाने द्वितीय हुनुभएको छ भने हेटौँडा-११ स्थित हेटौँडा एकेडेमीकी रोशना विष्ट तृतीय हुँदा हेटौँडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीका सुसन्ना पाखिन र अक्सा खातुन सान्त्वना हुनुभएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुनेले क्रमशः जनही १० हजार, सात हजार, पाँच हजार र दुइ हजार पाँच सय रुपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा सहभागी विद्यार्थीले स्वदेश गान र सन्देशमूलक गान गाउनुपर्ने व्यवस्था गरिएको आयोजक ज्ञानोदय बालबाटिका आवासीय विद्यालयका प्रिन्सीपल श्यामकुमार बानियाँले जानकारी दिनुभयो । पहिलो संस्करणमा भन्दा पुरस्कार राशीमा केही वृद्धि गरिएको हो । गत वर्ष सम्पन्न प्रथम संस्करणमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः सात हजार, पाँच हजार, तीन हजार र एक हजार रुपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो ।



प्रतियोगितामा १९ वटा विद्यालयबाट ३४ जना विद्यार्थीको सहभागिता रहेको थियो । प्रतियोगितामा विद्यार्थी गायकले ट्र्याक र लाइभ म्युजिकमा आफ्नो कला प्रस्तुत गरेका थिए । गत वर्ष आयोजित पहिलो संस्करणमा १३ विद्यालय १३ जना सहभागी थिए । एकल गायन प्रतियोगिताका लागि काठमाडौं मनोहरास्थित श्रमशील विद्यापिठका सञ्चालक एवम् प्याब्सन बागमती प्रदेश समितिका सल्लाहकार कमल दाहालले २५ हजार रुपैयाँ सहयोग गर्नुभएको थियो ।

प्रतियोगिताकै अवसरमा श्याम कुमार बानियाँको शब्द र स्वरमा "आकाश खुल्यो सुस्तरी.." बोलको गीत र श्यामकुमार बानियाँकै शब्द तथा राधा ज्ञवालीको स्वरमा "हिमालमा घाम झुल्कियो अब आँखा खोल..." बोलको गीत सार्वजनिक गरिएको छ । दुबै गीतमा ओमप्रकाश राईले संगीत संयोजन गर्नुभएको छ ।

ज्ञानोदय बालबाटिका आवासीय विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष दिप्ती महतको अध्यक्षता तथा गायक, संगीतकार विष्णु अधिकारीको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन समारोह भएको थियो । कार्यक्रममा प्याब्सन बागमती प्रदेश समितिका अध्यक्ष केशवलाल श्रेष्ठ, केन्द्रीय सहकोषाध्यक्ष ग्रेस श्रेष्ठ, प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, भीम विराग संगीत साहित्य प्रतिष्ठानका पूर्वअध्यक्ष उज्ज्वल शर्मा भण्डारी, पीएम सेन्टरका प्रमेन्द्र महर्जनको पनि आतिथ्य रहेको थियो ।

# हेटौंडा क्याम्पसको खेलकुद महोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको ३४ औं वार्षिक उत्सवको अवसरमा भएको खेलकुद महोत्सव सम्पन्न भएको छ । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पसको आयोजनामा बिहीबारबाट सुरु भएको खेलकुद महोत्सव शुक्रबार सम्पन्न भएको हो ।

महोत्वसको पहिलो दिन भएको चम्चा दौडतर्फ शान्तवीर घिसिङ प्रथम, लखन सी द्वितीय र कोपिला घलान तृतीय भएका छन् । महिला सटपुटतर्फ सविना दंगाल प्रथम, रुपा न्यौपाने द्वितीय र कविता यादव तृतीय भएकी छिन् । पुरुषतर्फको सटपुटमा आकाश श्रेष्ठ प्रथम, सुजन लामा द्वितीय र अमनराज फुयाल तृतीय भएका छन् ।

हाजिरीजवाफ प्रतियोगितामा कोपिला घलान, सुरज बोलखे र अशोक कुशवाहको समूह प्रथम भएको छ । वाणिज्य संकाय दोस्रो वर्षबाट अरुण कुशवाह, गणेश सुवेदी र सरिता तितुङको समूह दोस्रो भएको छ भने शिक्षाशास्त्र चौथो वर्षबाट गायत्री नेपाल, पूजा माझी र अस्मिता स्याङ्तानको समूह तृतीय भएको छ ।

पुरुषतर्फको सय मिटर दौड प्रतियोगितामा सुजन लामा प्रथम, अनिश तामाङ द्वितीय र सुजित माझी तृतीय भएका छन् । महिलातर्फ अश्मी पाण्डे प्रथम, अस्मिता घिसिङ द्वितीय र विश्व तृतीय भएकी छिन् । भलिबल प्रतियोगितामा बीबीएस प्रथम वर्षको टिम प्रथम र बीएड चौथो वर्षको टिम द्वितीय भएका छन् ।

विद्यार्थीहरुको रुचि, क्षमताको विकास गर्ने उद्देश्यले पढाइसँगसँगै यस्ता प्रकारको अतिरिक्त तथा खेलकुद कार्यक्रम आयोजनामा सबै शिक्षकहरु लाग्नुपर्ने स्ववियु हेटौंडा क्याम्पसका अध्यक्ष अभि मैनालीले बताउनुभएको छ । क्याम्पसका विद्यार्थीहरुलाई पढाइसँगै अन्य क्रियाकलापमा पनि सहभागी गराउने उद्देश्यले यस्ता खालको काममा सधैं लागिरहेको अध्यक्ष मैनालीको भनाइ छ । उहाँले भन्नुभयो- 'अतिरिक्त क्रियाकलापका कारणले गर्दा क्याम्पसमा पढाइ नहुने होइन, यसको कारणले गर्दा विद्यार्थीहरुमा ज्ञानको थप विकास हुन्छ र विद्यार्थीहरु बाहिरी माहोलमा घुलमिल हुन पाउँछन् । त्यसैले यस्तो कार्यक्रममा सबै लाग्नुपर्छ ।'

आइतबार हुने समापन तथा खाना महोत्सवको कार्यक्रममा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई क्याम्पसको प्राङ्गणमा एक कार्यक्रमबीच पुरस्कृत गरिने जनाइएको छ । शुक्रबारको अन्तिम प्रतियोगितामा क्याम्पस प्रमुख देवीराम लामा र सञ्चालक समितिका सृजना पोखरेलको पनि उपस्थिति रहेको थियो ।

# आधुनिक राष्ट्रिय मावि सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय क्रिकेट प्रतियोगितामा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय सेमिफाइनमा प्रवेश गरेको छ । शुक्रबार हुने भनिएको समूह चरणको अन्तिम खेलमा हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी अनुपस्थित भएका कारण आधुनिक राष्ट्रिय माविले समूह चरणको २ खेलमा जित निकाल्दै ४ अंकसहित प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो ।

गतवर्षको उपविजेता समेत रहेको सोलिड्यारिटीका खेलाडीहरु बाहिर गएका कारण सेमिफाइनल खेलमा उपस्थित हुन नसकेको प्रतियोगिताका संयोजक सञ्जोक पोखरेलले जानकारी दिनुभएको छ । अब आधुनिकले फाइनल प्रवेशका लागि आइतबार हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल सोमबार हुनेछ ।

# हेटौंडामा चलचित्र पत्रकारको राष्ट्रिय भेला आजबाट

समाज संवाददाता

हेटौंडाः चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला हेटौंडामा आज शनिबारबाट सुरु हुँदैछ । संस्था स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा चलचित्र पत्रकार संघ नेपाल केन्द्रीय समितिले शनिबारदेखि मंगलबारसम्म राष्ट्रिय भेला आयोजना गर्न लागेको हो ।

सिनेमा पर्यटनको अवधारणालाई अघि सार्दै संघले राष्ट्रिय भेलामा सिनेमा संवाद, अन्तरक्रिया, कार्यशाला, गोष्ठी, कार्यपत्र प्रस्तुतिलगायतका विभिन्न कार्यक्रमहरु गरिने संघका केन्द्रीय अध्यक्ष समीर बलामीले जानकारी दिनुभयो । नेपाली सिनेमामार्फत् स्थानीय ठाउँलाई पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय भेलाको आयोजना गरेको अध्यक्ष बलामीको भनाइ छ ।

भेलामा देशभरका दुई सय पचास जना पत्रकारहरु र ५० बढी कलाकार अतिथिको रुपमा उपस्थित हुने र सोहीअनुसार व्यवस्थापन पूरा गरिसकेको संघका मकवानपुर शाखा अध्यक्ष कपिल खड्काले जानकारी दिनुभयो । कार्यक्रममा नेपाली चलचित्र उद्योगसम्बन्धी र चलचित्र पत्रकारिता क्षेत्रसम्बन्धी कार्यपत्र प्रस्तुत हुनेछ । फागुन ६ गते भेलाको औपचारिक उद्घाटनपछि बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको चलचित्र ऐन मस्यौदामाथि छलफल हुनेछ । प्रेस काउन्सिल नेपालले सोही कार्यक्रममा बिट पत्रकारिता र हेटौंडाका पत्रकारका लागि पत्रकार आचार संहितामाथि छलफल गर्नेछ । बिज्ञापन बोर्डले अनलाइन व्यवस्थापकसम्बन्धी कार्यशाला आयोजना गर्नेछ ।

यस्तै, फागुन ७ गते सिनेमा पर्यटन, सिनेमा बजार, मिडिया प्रमोशन र कर्पोरेट लगानी, फिल्म सेन्सर, नेपाली सिनेमाको अबको बाटो, केन्द्रीय चलचित्र ऐन र सेन्सर कार्यविधि विषयहरुमा संवाद र अन्तरक्रिया कार्यक्रम आयोजना हुनेछ । चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, सेन्सर बोर्डका अध्यक्ष तथा सहसचिव नेत्रप्रसाद सुवेदी, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वल, बिज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाई, बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटा, पर्यटन बोर्डका प्रबन्धक सूर्य थपलिया, सञ्चार मन्त्रालयका प्रतिनिधि, पर्यटन मन्त्रालयका प्रतिनिधिलगायत वक्ताहरुको उपस्थिति कार्यक्रममा रहनेछ ।

## सच्याइएको

मिति २०८० फागुन ४ गते शुक्रबारको समृद्ध समाज दैनिकको पृष्ठ ३ मा प्रकाशित हलुका सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचनामा प्रस्ताव खोल्ने मिति २०८०/११/२० हुनुपर्नेमा असावधानीवस अन्यथा भएकोले सच्याइएको छ ।

**विज्ञापन शाखा ।**


## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८०/११/०४ गते*

उपरोक्त सम्बन्धमा मकवानपुरगढी गाउँपालिकाको चलानी नम्बर २०३६, मिति २०८० फागुन ३ गते प्राप्त शिक्षक पदपूर्ति अनुमतिपत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८० फागुन ३ गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह संघीय अनुदान विज्ञान शिक्षक एक जना पदपूर्ति गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**१) विज्ञापन नं. ४/०८०/०८१**

२) तहः मावि विज्ञान शिक्षक (संघीय अनुदान)

३) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

४) न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तिर्ण गरी मावि तहको अध्यापन अनुमतीपत्र प्राप्त ।

५) परीक्षाको किसिमः लिखित, मौखिक तथा आवश्यक परेमा कक्षा अवलोकन ।

६) सेवा सुविधाः नेपाल सरकारको नियम अनुसार

७) दरखास्त दस्तुर रु २०००/- (विद्यालयको नाममा रहेको नबिल बैक लिको चल्ती खाता नं. २२१०१०१७५००२३६ मा रकम जम्मा गर्नुपर्नेछ ।

८) दरखास्त दिने अन्तिम मिति २०८०/११/१८ गते विद्यालय समयसम्म ।

९) सम्पर्क मिति २०८०/११/२० गते

१०) परीक्षा मितिः सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।

११) आवश्यक कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिप २/२ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति, अध्यापन अनुमतिपत्रको प्रतिलिपी २/२ प्रति, शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति, निरोगिताको प्रमाणपत्र १ प्रति, अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति, हस्तलिखित निवेदन, रकम जम्मा गरेको भौचर १/१ प्रति ।

**विशेष ग्राह्यता**: खुल्लाको हकमा माथिल्लो योग्यता भएकालाई ।

**नोट**: शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा परेकाहरुको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ (सात) दिनसम्म मात्र नियुक्त गरिने छ । अन्यथा खुल्ला उम्मेदवारीका लागि शिक्षा नियमावली २०५९ संशोधनसहितको प्रक्रिया पूरा गरी पदपूर्ति गरिनेछ । इमेलमार्फत पनि दरखास्त बुझाउन सकिने छ । इमेलः shreebanshagopals@gmail.com

**सम्पर्क नं. ९८५५०७०२४९ (प्रधानाध्यापक), ९८४१६६२८९१ (बि.व्य.स. अध्यक्ष)**

**प्रधानाध्यापक**

**श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

**मकवानपुरगढी-२, कुर्लेदमार**



## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी


## हकदावी सम्बन्धी ३५ (पैँतीस) दिने सार्वजनिक सूचना

निवेदकः कमला घले

इन्द्रजात्रा गुठी जोताहा मोहीः पुर्ण बहादुर घले, शेर बहादुर घले, पदम बहादुर घले ।

जिल्ला मकवानपुर हालः थाहा न.पा. ४ बस्ने निवेदक कमला घलेको माग निवेदन बमोजिम फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा इन्द्र जात्रा गुठीको हो । रामबहादुर घलेले जोति खाईआएकोमा निज मरि हकखाने निजको छोरा पुर्ण बहादुर घले र भाईहरु शेर बहादुर र पदम बहादुरले जोति बाँडी खाने हो भनी सहि गर्ने गुठी इन्द्र जात्राको तिरो कमल बहादुरलाई तिरी खाइ आएको हो भनी सहि गर्ने हरी बहादुर कार्की उल्लेख भएको, हकदार पुर्ण बहादुर घले, शेर बहादुर घले र पदम बहादुर घले भएकोमा पुर्ण बहादुर घले र निजको एकमात्र श्रीमति नेपी घलेको मृत्यु भैसकेको निजहरुका हक्कदार तिन छोराहरु चक्र बहादुर घले, चिनिया घले र कान्छा घले भएकोमा चक्र बहादुर घलेको मृत्यु भैसकेको र निजको एकमात्र श्रीमति मैया घले भएको अर्का ज.ध. शेर बहादुर घले र निजको एकमात्र श्रीमति सान्चामाया घलेको मृत्यु भैसकेको निजको एकमात्र हकदार छोरा साधुराम घलेको पनि मृत्यु भैसकेको निजको एकमात्र श्रीमति कमलामाया घले भएको, अर्का ज.ध. पदम बहादुर घले र निजको एकमात्र श्रीमति माईली घलेको मृत्यु भैसकेको निजहरुको दुई छोर ाहरु कृष्ण बहादुर घले र माईला घले भएको शिखरकोट वडा नँ ३ को कि.नं. २८१ ज.रो २-८-१-१ जग्गाको पुर्जा प्राप्त नभएकाले इन्द्र जात्रा गुठीको नाममा ज.ध. काँयंम गरी मोही मैया घले चिनिया घले कान्छा घले, कमला माया घले, कृष्ण बहादुर घले र माइला घले समेत मोही कायम गरी छुट जग्गा दर्ता गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उल्लेखित कित्ता जगँगामा माथी उल्लेखित हकदार हरु बाहेक अरु कसैको हक लाग्ने भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदेकहरुकों माग दावी बमोजिम छुट जग्गा दर्ता भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ